नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)**
सानोठिमी,भक्तपुर

पत्र संख्या : ०७९/०८०
च.नं.:- ६५

फोन नं. :०१ -६६३१९७२
फ्याक्स नं. : ६६-३१९७२
मितिः२०७९/११/२१

श्री शिक्षा सम्बद्ध प्रदेश मन्त्रालय (७ वटै प्रदेश) सबै

श्री स्थानीय तह (७५३ वटै) सबै

श्री विद्यालय सबै

विषयः विद्यालयमा निर्माण हुने पुर्वाधार सम्बन्धमा ।

प्रस्तुत् विषयमा विद्यालयमा निर्माण हुने पूर्वाधार सम्बन्धी डिजाइन ड्रइङ्गमा देहायमा उल्लिखीत प्रावधानहरुको व्यवस्था मिलाइएकाले प्रतिकुल नहुने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(छ) वमोजिम स्थानीय तहबाट स्वीकृत गरी कार्य गर्न गराउन हुन यस केन्द्रको मितिः२०७९/११/२१ निर्णयानुसार अनुरोध छ ।

१. प्रचलित ऐन, नियमावली, निर्देशिका, भवन आचार संहिता, नेपाल बिल्डिङ्ग कोड(NBC), भुगोल, हावापानी, जनसंख्या, विद्यार्थी सङ्ख्या, विद्यालयको आवश्यक्ता (विद्यालयमा निर्माण हुने भौतिक पुर्बाधारहरुको विद्यार्थी सङ्ख्याको आधारमा उक्त भवनमा रहेका कोठाहरुलाई अस्थाईरुपमा विभाजन गरी कक्षाकोठा, स्टोर, लेखा, प्र.अ. कक्ष, स्वास्थय कक्ष, शैक्षिक तथा प्रशासनिक लगायतका) अन्य प्रयोजनकालागि प्रयोग गर्न सकिने व्यवस्था मिलाएको।
२. विद्यालयका पुर्वाधार न्युनतम अपाङ्गतामैत्री, बालमैत्री, वातावरणमैत्री, खानेपानी, पानी सहितका शौचालय, सेनेटरी प्याड विसर्जन, चेन्जिङ्ग रुम, सफा, शान्त, प्रयाप्त उज्यालो (प्राकृतिक तथा कृतिम दुवै प्रकासको व्यवस्था भएको) व्यवस्था मिलाएको छ ।
३. बढदो विज्ञान प्रविधिको विकास तथा निकट भविष्यमा दीर्घकालीन रुपमा सिकाइमा आएका नयाँ शिक्षण विधि तथा तौरतरिकालाई प्रयोग गर्न मिल्ने प्रत्येक कोठामा बुक कर्नर तथा सुरक्षित विद्युतिकरण सहितका बृहत सुरक्षित (Comprehensive Safety) पुर्वाधार विद्यालयको लागि मात्र नभई आपत विपत (बाढि पहिरो, आगलागि, भुइचालो, आदि.....) को बेलामा समग्र समाजको आवश्यक्ता, औचित्य पुरा हुने बहुउपयोगी डिजाइन ड्रइङ्ग तयार गरिएकोछ।
४. शिक्षा नियमावली २०५९ को नियम ७७ अनुसार विद्यार्थी सङ्ख्या, Nepal National Building Code (NBC 206:2015) को Section 6.3 अनुसार प्रति विद्यार्थी न्युनतम चाहिने क्षेत्र लगायत अन्य Architect plan त्यसै गरी Nepal National Building Code (NBC 208:2003) अनुसार Sanitary लगायतका अन्य प्रचलित नियम, कानुन अनुसार तयार गरिएकोछ ।
५. माथिका बुदाँहरुमा उल्लेख भए वाहेकका कार्य प्रविधिमैत्री, वातानुकुलित, वहुतल्ला अपाङ्गमैत्री, आन्तरिक सरसज्जा तथा अन्य सुविधा सम्पन्न पूर्वाधार निर्माण गर्न चाहेमा विद्यालयमा बन्ने सबै प्रकारका भौतिक पुर्वाधार निर्माण कार्यका लागि ड्रईङ्ग,डिजाइन IS 1893:2016(Part 1), NBC 105:2020, NBC 206;2015, NBC 208 : 2003, प्रतिकूल नहुने गरी स्थानीय तहबाट स्वीकृत गरी निर्माण गर्न सकिनेछ ।

क्रमशः

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)**
सानोठिमी, भक्तपुर

पत्र संख्या : ०७९/०८०
च.नं.:- ६४

फोन नं. :०१ -६६३१९७२
फ्याक्स नं. : ६६-३१९७२

६. विद्यालयमा भौतिक निर्माण गर्दा वातावरण तथा समाजमा पर्न सक्ने नकारात्मक असरहरु न्यूनिकरण तथा यस्ता मुद्दाहरु व्यवस्थापन गरी निर्माण कार्य गर्न गराउनु हुन ।
७. स्वीकृत जिल्ला तथा स्थानीय दररेट अनुसार Bill of Quantity (BOQ), Abstract of Cost (AOC), External Work Plan तयार तथा स्वीकृत गरि कार्य गर्न गराउन हुन ।
८. प्राविधिक सुपरिवेक्षण कार्यका लागि प्राविधिक नियुक्ति गर्ने वा भइरहेका प्राविधिकलाई जिम्मेबारी तोक्नहुन ।
९. निर्माण कार्यको समयमा निर्माण समयतालिका, Quality Assurance Plan (QAP) तथा प्राविधिक सुपरिवेक्षण गरी कार्य समपन्न प्रतिवेदन स्वीकृत गराई सम्बन्धित निकायलाई जानकारी गराउने ।

पप्पु कुमार मेहता
(ईन्जिनियर)

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

(५) विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न आवश्यकतानुसार समिति गठन गर्न सक्नेछ ।

(६) उपनियम (४) बमोजिमको प्रतियोगितामा विशिष्टता देखाउने विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कार प्रदान गर्न सकिनेछ ।

## परिच्छेद- १५

## विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था

७७. विद्यार्थी संख्या : (१) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्नेछ ।

❸(२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा न्यूनतम बाइस, अधिकतम चौवालीस र औसत तेत्तीस विद्यार्थी संख्या हुनु पर्नेछ ।

+(२क) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) कुनै कक्षामा उपनियम (१) मा लेखिए भन्दा बढी विद्यार्थी भएमा विद्यालयले व्यवस्थापन समितिको अनुमति लिई त्यस्तो कक्षाको अर्को वर्ग खोल्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ ।

७८. भर्ना सम्बन्धी व्यवस्था : (१) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि देहाय बमोजिमको सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ :-

(क) कक्षा छ मा भर्ना हुनको लागि ❶कक्षा पाँचको परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र,

(ख) कक्षा नौ मा भर्ना हुनको लागि निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र,

---

❸ तेस्रो संशोधनद्वारा संशोधित ।

\+ तेस्रो संशोधनद्वारा थप ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

### 6.3 Educational

| S. No. | Elements of building | Particular dimensional aspects | Primary Schools | Others | Reference |
|---|---|---|---|---|---|
| 1. | Occupancy load | Maximum area per Occupant | 1.8 sq.m net | | 2.1 |
| 2. | Egress | Maximum distance to exits or stairways within single floor | 30m<br>40m for external corridor | | 2.2 |
| | | Width of the Doorway | As per Table 2<br>No door shutter shall exceed 1.2m in width | | 2.2.1 |
| | | Width of the Corridors | As per Table 3 | | 2.3 |
| | | Staircase width | As per Table 3 | | 2.4 |
| | | Staircase Designs | Shall confirm with 2.4.1 | | |
| 3. | Components of Building | Plinth | Min. 450mm from existing road level | | 3.1 |
| | | Minimum Height of the room | 2.75 m | 3.2m for Hills & mountains<br>3.6m for Terai | 3.2.1 |
| | | Light & Ventilations | Refer 3.3 | | |
| 4. | Specific requirement | Minimum area per student | | | |
| | | For individual seats | None | 1.2 sq.m | |
| | | For bench seats | 1 sq.m | 1 sq.m | |
| | | Maximum Distance between black board and Last row of benches | 7m | | |
| | | Minimum Distance between black board and the first row | none | 2m | |
| | | Sanitary Units | NBC 208 Table B10 | | |
| 5. | Accessibility for Disabled | For schools with students | none | Shall fulfill the requirement of category 2 | 5.2 |

**Recommended areas and lighting requirements for various units**

| S. No. | Unit | | Minimum Standard | Lighting [lux] | Remark |
|---|---|---|---|---|---|
| 1. | Library | | Mandatory for every school with 500 or more students | 100 | |
| | | Minimum Capacity | 10% of total students | | |
| | | Area per student | 2.4 sq.m per student | | |
| 2. | Science Lab | | 4 sq.m per student | 200 | |
| | Other Laboratory | | 2.4 sq.m per student | | |
| | Art Room | | 2.7 sq.m per student | 100 | |
| 3. | Teacher's Room | | 1.8 sq.m per student | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

| | | | |
|---|---|---|---|
| 4. | Boarding Accommodation | | |
| | Dormitories | 2.8 sq.m per bed in double bunk | |
| | Dining Hall | 1 sq.m per student | 70 |
| | Kitchen & Annexes | .36 sq.m per student | 80 |
| | Urinals / Toilets | 1 per 15 students | |
| | Wash Basin | 1 per 20 students | |
| | Showers | 1 per 20 students | |

Referenced from "Guideline or Architecture Design & Approval of School/College"